आर्थिक वर्ष २०७७/०७८ को

# बजेट तथा कार्यक्रम

# र

# बजेट वक्तव्य

## मध्यविन्दु नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चोरमारा,नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

विक्रम संवत् २०७७ साल असार २५ गते

सातौ नगरसभाका सभाध्यक्षज्यू,

एवं उपस्थित सम्पूर्ण सभा सदस्य ज्यूहरु,

१. विश्वव्यापी कोरोना महामारीका कारण उत्पन्न असामान्य परिस्थितिका बीच मध्यविन्दु नगरपालिकाको तर्फबाट यस गरिमामय यस सभा समक्ष आर्थिक वर्ष २०७७/०७८ को आर्थिक बजेट पेश गर्दछु ।

२. सर्वप्रथम लोकतान्त्रिक आन्दोलन, शसस्त्र संघर्ष, परिवर्तन, क्रान्ति, सामाजिक तथा मुक्ति आन्दोलनमा सहदात प्राप्त गर्नु हुने सबै आदरणीय अमर शहिदहरुलाई स्मरण गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । अग्रगामी परिवर्तनको आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रज नेताहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । विश्वव्यापी नोवल कोरोना भाईरसको महामारीबाट ज्यान गुमाउने सबैमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै कारोना भाइरसबाट संक्रमित भई उपचाररत सबैमा शिघ्र स्वास्थ्य लाभको कमना गर्दछु । कोरोना महामारी विरुद्ध अग्रमोर्चामा संघर्षरत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी र नागरिक सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

३. नगरको संरचना, जनशक्ति र आवश्यक कानून तर्जुमा गरी सेवा प्रवाह र विकास निर्माण गरी लिइरहेका बेला हामी कोरोना महामारीको अप्रत्यसित चपेटामा परेका छौं । यस सम्मानित सभामा यो बजेट प्रस्तुत गरी रहदा कोरोना महामारीबाट उत्पन्न असामान्य अवस्था र आर्थिक संकटका कारण उत्पन्न चुनौतीपूर्ण जिम्मेवारी र दायित्वलाई गम्भीरता पूर्वक बोध गरेको छु । हामी सबैको साझा प्रयासले नोबेल कोरोना भाइरसको महामारी र संकटलाई परास्त गर्न सक्ने छौं भन्ने विश्वास लिएको छु ।

४. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपाल सरकारको पञ्चबर्षीय योजना, दिगो विकासका लक्ष्य, मध्यकालिन खर्च संरचना, प्रदेश सरकारको नीति तथा कार्यक्रम र विनियोजन विधेयक २०७७ को सिद्धान्त र नगरसभा सदस्य ज्यूहरुबाट प्राप्त सुझावहरुलाई आधार मानेको छु । बजेट तर्जुमा गर्दा संघीय र गण्डकी प्रदेश सरकारको आगामी आ.व. ०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रमलाई आधार लिएको छु । यो बजेट तर्जुमा गर्दा विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त सुझावहरुलाई समेत ध्यान दिएको छु ।

५. नोवेल कोरोना भाईरस रोगको महामारीका कारण संकटग्रस्त अर्थतन्त्रलाई पुनः गतिशील र चलायमान बनाउन अनुत्पादक लगानी र खर्चलाई कटौती गरेको छु । यो बजेट तर्जुमा

गर्दा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित भएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०७६/०७७ को नगरपालिकाबाट सम्पादित महत्वपूर्ण कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

६. कोभिड-१९ संक्रमण शुरुवात भए लगत्तै पूर्ण सतर्कता अपनाई सक्रमण नियन्त्रण तथा व्यवस्थापनको लागि नगर प्रमुखज्यूको संयोजकत्व, उपप्रमुखज्यू, सह-संयोजक र सबै वडा अध्यक्षहरु, सदस्यहरु, स्वास्थ्य शाखा प्रमुख, सरकारी तथा गैरसरकारी संस्थाहरुका प्रतिनिधि, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ, राष्ट्रिय उपभोक्ता मञ्च, स्थानीय प्रशासन रहने गरी कोरोना भाईरस रोकथाम तथा नियन्त्रण समिति गठन भई १५ वटै वडामा ३२ वटा Quarantine Home Ward व्यवस्थापन भएको छ । चोरमारा प्राथमिक स्वास्थ्य केन्द्रमा बनेको Isolation Ward व्यवस्थापन गरिएकोमा, पछि रजहरमा Isolation Ward व्यवस्थापन पछि खारेज गरिएको छ । तत्काल आवश्यक भएका सबै स्वास्थ्य सुरक्षा सामाग्रीहरु लगायत अति आवश्यक औषधी खरिद गरी चोरमारा स्वास्थ्य केन्द्र लगायत सबै स्वास्थ्य चौकीहरुमा हस्तान्तरण गरिएको छ । उक्त कार्यको लागि जम्मा रु. १९ लाख ६८ हजार १ सय २७ खर्च भएको व्यहोरा जानकारी गराउँदछु ।

७. कोरोना भाईरस रोकथाम तथा नियन्त्रणको लागि तथा महामारी प्रकोप र बन्दाबन्दी अवस्थाबाट प्रभावित अति विपन्न, असाहय परिवार, दैनिक ज्यालादारी गरी जीवन निर्वाह गर्ने असंगठित मजदुरहरुको लागि राहत वितरण कार्यको लागि प्रकोप व्यवस्थापन कोष स्थापना गरिएको छ। सो कोषमा नगरपालिकाबाट ७० लाख, गण्डकी प्रदेशबाट १० लाख र विभिन्न संघसंस्थाबाट १७ लाख ६९ हजार ४ सय ९९ गरी जम्मा ९७ लाख ६९ हजार ४ सय ९९ र कोषमा प्राप्त भएको छ । वडाबाट लोकतान्त्रिक र निस्पक्ष विधिबाट छनौट भई आएको कूल २९३२ घरधुरी संख्या १०,६६९ घर परिवारलाई राहत वापत चामल, दाल, साबुन र नून वितरण गरिएको छ ।

८. बन्दाबन्दीको अवस्थामा राजधानी काठमाण्डौमा विभिन्न पेशा, व्यापार व्यवसाय र अध्ययन गरी बसोबास गरी बसेका नगर भित्रका नागरिकहरुलाई सुरक्षित तवरबाट उद्धार गरी सेल्फ क्वारेन्टाईन र छिमेकी राष्ट्र(भारत)बाट स्वदेश फकर्ने क्रममा विभिन्न नाकामा अलपत्र परेका

नगरवासीहरुलाई समेत उद्धार गरी नगरबाट व्यवस्थापन भएका विभिन्न क्वारेन्टाईनमा राख्ने व्यवस्था गरिएको छ ।

९. सबै वडामा आफनै वडा कार्यालय भवन निर्माण गर्ने उद्देश्यले चालु आ.व. मा वडा नं. १, ३, ५ र ११ मा वडा कार्यलय भवन निर्माणको कार्य ठेक्का भई निर्माण कार्य अन्तिम चरणमा पुगेको व्यहोरा जानकारी गराउँदछु ।

१०. प्रत्येक वडामा नमूना सडकहरुलाई प्राथमिकतामा राखी यो क्रमले निरन्तरता पाईरहेको व्यहोरा जानकारी गराउँदछु ।

११. नगर कार्यपालिकाको प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको व्यहोरा जानकारी गराउँदछु ।

१२. नगर कार्यपालिकाको सभाहलको प्रथम चरणको कार्य सम्पन्न भई दोस्रो चरणको कार्य ठेक्का भई छिटै शुरु हुने व्यहोरा अवगत गराउन चाहन्छु ।

१३. उपप्रमुख चेली पढाऊ,बचाऊ अभियान अन्तर्गत नगर भित्रका सबै चेलीहरुलाई सचेतना र आत्मारक्षा तालिम दिन कार्य सम्पन्न भई सो कार्यमा रु ३ लाख बजेट व्यय भएको व्यहोरा जानकारी गराउँदछु ।

१४. नगरपालिकाबाट प्रशासनिक र प्राविधिक तर्फ अपुग जनशक्तिको पूर्तिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग भई लोकसेवा आयोगबाट सिफारिस भई आउनु भएका राष्ट्र सेवक कर्मचारीलाई स्थायी नियुक्ति दिइएको छ । कर्मचारी अभाव पूर्ति भएको व्यहोरा अवगत गराउन चाहान्छु ।

१५. आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण व्यवस्थापन, संस्थागत विकास लगायत विभिन्न विषयमा केन्द्रित योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याइएको छ। उपरोक्त कार्यहरुमा चालु तर्फ ४४ करोड ५६ लाख २२ हजार र पूँजीगत तर्फ ४८ करोड ७५ हजार ४ सय ६० गरी कूल ९२ करोड ५६ लाख ९७ हजार ४ सय ६० रुपैया २०७७ जेठ मसान्तसम्म खर्च भएको छ ।

चालु आ.व.को दोस्रो चौमासिक अवधिसम्म नेपाल सरकारले तोके बमोजिम लक्षित वर्गका लागि सामाजिक सुरक्षा वापत रु १ करोड ५६ लाख २१ हजार ६ सय वितरण गरिएको छ । तेस्रो किस्ता वापतको रकम वितरणको लागि यथाशिघ्र बैंक पठाइने छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु । बजेटका उद्देश्य निम्नानुार रहेका छन् ।

क) कोरोना भाइरस रोगको रोकथाम, नियन्त्रण र उपचारको प्रभावकारी व्यवस्थापन गर्नु ।

ख) संकटग्रस्त अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनु , अर्थतन्त्रका समग्र क्षेत्र बीच लिङ्ककेज स्थापित गर्नु ।

ग) रोजगारी गुमाएका नागरिकहरुलाई उद्यमशीलता मार्फत् आर्थिक, सामाजिक, स्थायीत्व कायम गर्नु ।

घ) सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व पालना गराउनु, आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्नु ।

ङ) भौतिक पूर्वाधारको निर्माण र विकास गर्नु, आर्थिक, सामाजिक क्षेत्रको पूर्वाधार विकासमा जोड दिनु ।

च) स्थानीय सरकारप्रति जनताको अपनत्वको भावना अनुभूति गराई शासन प्रणालीको मूल प्रवाहीकरणमा समावेश गराउनु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी वर्षको बजेट, कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहान्छु । प्रत्येक क्षेत्रको लागि विनियोजन भएको कार्यक्रमहरुको विस्तृत अनुसूची-६ मा संलग्न रहेको छ ।

१) कृषि विकास कार्यक्रमको लागि कृषि शाखालाई रु ८६ लाख ८० हजार विनियोजन गरेको छु ।

२) पशुसेवा कार्यक्रम तर्फको लागि पशु विकास शाखालाई रु ८५ लाख १० हजार विनियोजन गरेको छु ।

३) समग्र स्वास्थ्य सेवा कार्यक्रमको लागि स्वास्थ्य क्षेत्र तर्फ रु ९४ लाख ९७ हजार विनियोजन गरेको छु ।

४) समग्र शिक्षाको विकासको लागि शिक्षा क्षेत्रतर्फ रु. १ करोड ७४ लाख ७३ हजार ८ सय ७० विनियोजन गरेको छु ।

५) उपप्रमुख चेली बचाउ तथा पढाऊ कार्यक्रमको लागि रु. १० लाख विनियोजन गरेको छु ।

६) आधा आकाश ढाक्ने महिला दिदी बहिनीहरुको सर्वाङ्गीण विकासको लागि विभिन्न सचेतना तथा तालिम कार्यक्रमको लागि रु. १० लाख विनियोजन गरेको छु ।

७) आजका बालबालिका भोलिका कर्णधारको उद्देश्यलाई मनन् गरी समग्र वालबालिकाको हित तथा वौद्धिक विकास र वालमैत्री नगर घोषणा कार्यक्रमलाई मध्य नजर गरी बालवालिकाको क्षेत्र तर्फ रु. ५२ लाख ४० हजार विनियोजन गरेको छु ।

८) फरक क्षमता भएका नागरिकहरुको मनोवल उच्च राखी शासन प्रणालीमा मूल प्रवाहीकरणको लागि विभिन्न कृयाकलाप सञ्चालन गर्न रु ५ लाख विनियोजन गरेको छु ।

९) समाजमा आत्मसम्मान् सहितको जीवनयापन गर्नको लागि जेष्ठ नागरिकहरुको हकहित र मनोरञ्जनको लागि रु. ४ लाख विनियोजन गरेको छु ।

१०) आदीवासी जनजातीहरुको संस्कृति प्रवर्द्धन तथा शैक्षिक विकास उन्नततिको लागि रु. १३ लाख ५० हजार विनियोजन गरेको छु ।

११) शासन प्रणालीको मूल प्रवाहीहरणमा समावेश गराई दलित जातिको क्षमता सीप र सचेतना विकासका लागि रु. ११ लाख २५ हजार विनियोजन गरेको छु ।

१२) सिमान्तकृत समुदायिकको सीप, कला, संस्कृति जगेर्नाको लागि रु. ३ लाख विनियोजन गरेको छु ।

१३) आजको युग युवाको युगको मूलमन्त्रलाई मनन् गर्दै यूवा लक्षित कार्यक्रमको लागि रु . ४ लाख विनियोजन गरेको छु ।

१४) बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालनको लागि रु. ६ लाख ९४ हजार विनियोजन गरेको छु ।

१५) न्यायिक समिति तथा मेलमिलाप कार्यक्रमहरुको लागि रु. ८ लाख २५ हजार विनियोजन गरेको छु ।

१६) अर्थ नीतिको एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी मार्फत् आर्थिक क्रियाकलाप सञ्चालन गर्न सहकारी प्रवर्द्धन कार्यक्रमको लागि रु. १२ लाख ८० हजार विनियोजन गरेको छु ।

१७) नगर क्षेत्र भित्र सुरक्षा व्यवस्थापनको लागि रु. ५ लाख ५० हजार विनियोजन गरेको छु ।

१८) नगर भित्र विपद् व्यवस्थापन कार्यको लागि रु. ४५ लाख विनियोजन गरेको छु ।

१९) नगर क्षेत्रभित्र जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रमको लागि रु. ३० लाख विनियोजन गरेको छु ।

२०) आधुनिक मध्यविन्दु स्तम्भ तथा वनवाटिकाको डि.पि.आर. निर्माणको लागि रु. २५ लाख विनियोजन गरेको छु ।

२१) सफा नगरको अवधारणालाई मनन् गर्दै फोहोरमैला ढल व्यवस्थापन कार्यको लागि रु. २५ लाख विनियोजन गरेको छु ।

२२) नगर क्षेत्रभित्र दुवै खोलाको आइ.इ.इ. प्रतिवेदन तयारीको लागि र अन्य क्षेत्रको अनुसन्धान विकास परामर्श सेवाको लागि रु. ३० लाख विनियोजन गरेको छु ।

२३) खेलकुद मार्फत सामाजिक एकता र शारीरिक र बौद्धिक विकास लगायत समग्र खेलकूद विकासको लागि सञ्चालन हुने मेयर कप खेलकूद प्रतियोगिताको लागि रु. ३० लाख व्यवस्था गरेको छु ।

२४) प्रदेश सरकारको समन्वयमा आवधिक योजना निर्माण कार्यको लागि रु. २० लाख विनियोजन गरेको छु ।

२५) १५ वटै वडामा भईपरी आउने आकस्मिक कार्य सञ्चालन गर्नको लागि प्रति वडा ५ लाखको दरले रु.७५ लाख व्यवस्था गरेको छु ।

२६) चोरमारा कर्भडहल निर्माणको लागि रु. ५ लाख व्यवस्था गरेको छु ।

२७)विभिन्न सामाजिक, धार्मिक, ऐतिहासिक, पूरातात्विक संघसंस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमको लागि एकमुष्ठ रु. १५ लाख व्यवस्था गरेको छु ।

२८) महिला विकास कार्यक्रम एकल महिला सुरक्षाकोषको लागि रु. १० लाख व्यवस्था गरेको छु ।

२९) वन तथा भू-संरक्षण लगायत जलाधर संरक्षणको लागि क्रमशः ३ लाखको दरले ६ लाख विनियोजन गरेको छु ।

३०) वातावरण संरक्षण जलवायु अनुकुलन कार्यक्रम तथा बरुणयन्त्र सञ्चालनको लागि रु. ३ लाख व्यवस्था गरेको छु ।

३१) वैदेशिक रोजगारीमा जाने र फिर्ती आउने नागरिकहरुलाई सुरक्षित आप्रवासन कार्यक्रमको लागि रु . ५ लाख व्यवस्था गरेको छु ।

३२) सूचना प्रविधि, सु-शासन प्रवर्द्धन, संस्कृति प्रवर्द्धन, खानेपानी तथा सरसफाई, सुकुम्वासी, अव्यवस्थित बसोबास, पर्यटन प्रवर्द्धन कार्यक्रमको लागि रु ३/३ लाखको दरले विनियोजन गरेको छु ।

३३) राइनोकप कार्यक्रमको लागि रु.१० लाख विनियोजन गरेको छु ।

३४) मर्मत सम्भार कार्यक्रमको लागि रु.३० लाख विनियोजन गरेको छु ।

३५) वाणिज्य व्यापार तथा प्रबर्द्धन कार्यक्रमको लागि रु.५ लाख विनियोजन गरेको छु ।

३६) विद्युत विस्तार कार्यक्रमको लागि रु.२५ लाख विनियोजन गरेको छु ।

३७) फर्निचर तथा सवारी साधन कार्यक्रमको लागि क्रमश, रु.२० लाख र ८ लाख विनियोजन गरेको छु ।

३८) भू.पू.खानेपानी योजना कार्यक्रमको लागि रु.१० लाख विनियोजन गरेको छु ।

३९) थारु जातिको जित वहान मन्दिर निर्माणको लागि रु.८ लाख ५० हजार विनियोजन गरेको छु ।

४०) चोरमारा स्वास्थ्य केन्द्र पूर्वाधार निर्माणको लागि रु.७ लाख विनियोजन गरेको छु ।

४१) उल्टीखोला, गिरुवारी खोला, नारायणी नदीको संगममा मशानघाट निर्माणको लागि रु.५ लाख विनियोजन गरेको छ ।

४२) विभिन्न वडामा नदीजन्य पदार्थ डम्पिङ्ग प्रयोजनको लागि ५० लाख विनियोजन गरेको छ ।

४३) नगर प्रोफाईल कार्यक्रमको लागि रु.२५ लाख विनियोजन गरेको छ ।

४४) प्रकोप व्यवस्थापन कोष कार्यक्रमको लागि रु.८० लाख विनियोजन गरेको छ ।

४५) गार्ड हाउस निर्माणको लागि रु.९ लाख विनियोजन गरेको छ ।

४६) नयाँ वडा कार्यालय भवन निर्माण सख्या- २ को लागि रु.१ करोड २० लाख विनियोजन गरेको छ ।

४७) नगरभवन र सभाहलको लागि क्रमश, रु.६५ लाख ३० हजार र २५ लाख विनियोजन गरेको छ ।

४८) वैदेशिक फिर्ती युवा स्वरोजगार कार्यक्रमको लागि १ करोड ५० लाख विनियोजन गरेको छ ।

४९) वडा तथा केन्द्रको योजनामा नगद जनसहभागिताको लागि क्रमश, रु.१ करोड ३७ लाख ८५ हजार विनियोजन गरेको छ ।

५०) संघको विशेष अनुदान योजना तर्फ २५ लाख विनियोजन गरेको छ ।

५१) संघको समपुरक अनुदान योजना (तरकारी संकलन केन्द्र) तर्फ १ करोड ९२ लाख विनियोजन गरेको छ ।

५२) प्रदेश विशेष अनुदान (सेतापानी+भिर्खेटाँडी खा.पा. योजना) तर्फ ५० लाख विनियोजन गरेको छ ।

५३) प्रदेश समपुरक योजना तर्फ (गडार खोलामा पुल निर्माण वडा नं. १५) ५० लाख विनियोजन गरेको छ ।

५४) प्रदेशबाट प्राप्त प्रशासनिक भवन निर्माण तर्फ ५० लाख विनियोजन गरेको छ ।

५५) स्थानीय पूर्वाधार विकास निर्माण कार्यक्रम तर्फ ७ करोड ५७ लाख विनियोजन गरेको छ ।

५६) समपुरक तर्फ ४ करोड ५० लाख विनियोजन गरेको छ ।

**सभाध्यक्ष महोदय,**

अब म बजेटमा उल्लेखित क्षेत्रगत तथा नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहान्छु ।

१. माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु . ७९ करोड ६१ लाख ०१ हजार ६ सय ३१ खर्च हुने अनुमान गरेको छु । जसमध्ये चालुतर्फ ३६ करोड ९१ लाख ४६ हजार र पूँजीगत तर्फ ४२ करोड ६९ लाख ५५ हजार ६ सय ३१ रुपैयाँ विनियोजन गरेको छु । कूल बजेटमा चालु तर्फ ४६.३७% र पूँजीगत खर्च तर्फ ५३.६३% रहेको छ ।

२. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोत समेत) र नगरको विनियोजन विधेयक, २०७७ सँगै पेश गरेको छु ।

३. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु. १६ करोड ६८ लाख ९० हजार, सर्शत अनुदान रु २८ करोड १० लाख, समपुरक अनुदान रु. २ करोड ९२ लाख, विशेष अनुदान रु. ७५ लाख, राजश्व वाडफाँडबाट प्राप्त हुने रु. १२ करोड १ लाख ५७ हजार, आन्तरिक आयबाट प्राप्त हुने रु. ७ करोड ६७ लाख ३० हजार र जनसहभागिताबाट १ करोड ३७ लाख ८५ हजार रहेको व्यहोरा अनुरोध छ । रु. १० करोड ८ लाख ३९ हजार ६ सय ३१ रुपैयाँ न्यून हुनेछ । सो न्यून पूर्तिको लागि चालु आर्थिक वर्षको बाँकी अनुमानित नगद मौज्दातबाट पूर्ति गरिने छ ।

४. कोभिड-१९ महामारीको प्रभाव र असर छिटै नियन्त्रण भई विकास निर्माण, उद्योग, पर्यटन, कृषि, व्यापार, व्यवसाय सार्वजनिक प्रशासन लगायत नागरिकको दैनिक जीवन सामान्य हुदै जाने विश्वास लिएको छु ।

५. यो बजेट कार्यन्वयनबाट उत्पादन र उत्पादकत्वमा सकारात्मक वृद्धि हुने थप आय तथा रोजगारीमा अवसर सृजना हुने र समृद्ध नगर निर्माणको आधारशीला खडा हुने विश्वास लिएको छु ।

अन्त्यमा,

बजेट तर्जुमाको लागि मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, नगर कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु, निजी क्षेत्र, नागरिक समाज तथा अन्य वुद्धिजीवीहरुबाट प्राप्त सुझाव सहयोगी र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु । यो बजेट कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार सबै निकाय र सरोकारवालाको सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद !

जय मध्यविन्दु ! ! !